# करारनामा

(निर्मात र वितरक)

मितिः

लिखितम् ....................................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. .......... मा कम्पनी रजिष्टार्ड कार्यालय दर्ता कायम रहेको ..............................................प्रा.लि. (प्रा.लि.दर्ता नम्बर-.....................................) को तर्फबाट अख्तियार प्राप्त संचालक श्री ..........................., (यसपछि प्रथम पक्ष भनि सम्बोधन गरिएको) र ....................................म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ........, ................, ....................... स्थाई ठेगाना रहेको .......................................प्रा. लि. (प्रा.लि.दर्ता नम्बर-...................................) को तर्फबाट अख्तियार प्राप्त संचालक श्री ................................................... (यसपछि दोस्रो पक्ष भनि सम्वोधन गरिएको) का बीचमा निर्माणाधिन नेपाली कथानक चलचित्र ............................मा प्रथम पक्षले निर्माताको कार्य/भुमिकानिर्वाह गर्ने र दोश्रो पक्षले **वितरक**को कार्य/भूमिका गर्न–गराउनमञ्जुर भएकोले मुलुकी देवानी संहिता २०७४ को करार तथा अन्य व्यवस्थाको अधिनमा रही मुलूकी देवानी कार्यविधि संहिता २०७४ को दफा ..... बमोजिम म.न.पा/उ.म.न.पा/न.पा./गा.पा. वडा नम्बर.......... को कार्यालयको रोहवरमा सही छाप गरि .......................................प्रा. लि.को कार्यालय ......................, काठमाडौंमा बसी यो सम्झौतामा सहीछाप गरी एक/एक प्रति बुझिलियौं/दियौं ।

**<u>तपसिल</u>**

१)निर्माणाधिन नेपाली कथानक चलचित्र...................................मा प्रथम पक्षले **निर्माता**को कार्य/भुमिका निर्वाह गर्नु पर्नेछ र दोश्रो पक्षले उक्त चलचित्रको **वितरक**को कार्य/भूमिका निर्वाह गर्नु पर्नेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

२) प्रथम पक्षले निर्माण गर्ने नेपाली कथानक चलचित्र............................मा ....................................को लेखन,....................................निर्देशन र ..........................................................................................को मुख्य भुमिका रहनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

३)निर्माणाधिन नेपाली कथानक चलचित्र....................................... दोश्रो पक्षले काठमाण्डौं उपत्यका भित्र रहेका सबै प्रविधिमा बनेका सबै चलचित्र घरहरुमा वितरण एवं प्रदर्शन गर्न पाउनेछ । साथै दोश्रो पक्षले चलचित्र घरहरु बाहेक अन्य प्रविधि, डिजिटल प्लटफर्म तथा डि.भि.डि, भि.सि.डि वा अन्यकुनै पनि प्रविधिमा प्रदर्शन गर्न पाईने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

४) प्रथम पक्षले दोश्रो पक्ष वाहेक निर्माणाधिन नेपाली कथानक चलचित्र................................को चलचित्र घरहरुमा वितरण तथा प्रदर्शन गर्न पाउने अधिकार अर्को कुनैपनि पक्षलाई दिन अथवा बेच्न पाउने छैन भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

५) प्रथम पक्षको निर्माणाधिन नेपाली कथानक चलचित्र.................................. को काठमाण्डौं उपत्यका भित्रका चलचित्र घरहरुमा वितरण एवं प्रदर्शन गर्ने अधिकार पाए वापत दोस्रो पक्षले प्रथम पक्षलाई एड्भान्स रकम स्वरुप रु. .................................(अक्षरेपी................................................रुपैयाँमात्र)भुक्तानी गर्नु पर्नेछ । र, भुक्तानी निम्न बमोजिम हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

क)सम्झौतामा हस्ताक्षर गर्दा : ........................(अक्षरेपी......................................................मात्र)

ख)छायाँकन कार्य शुरुहुनु अगि : ....................(अक्षरेपी.....................................................मात्र)

ग)छायांकन कार्य सकिए पश्चात : .....................(अक्षरेपी.....................................................मात्र)

६)निर्माणाधिन नेपाली कथानक चलचित्र...................................मा दोश्रो पक्षले वितरकको कार्य/भुमिका निर्वाह गरे वापत चलचित्रले गरेको ग्रस कलेक्सनबाट चलचित्र घरको सेयर र सबै सरकारी तथा अन्य कर काटेर निर्मातालाई आउने रकमको .......% (अक्षरेपी.....................प्रतिशत) कमिसन वापत भुक्तानी दिइनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

७. प्रथम पक्षले निर्माण गरेको नेपाली कथानक चलचित्र ..............................को प्रदर्शन प्रारम्भ भएको तीन महिना भित्रमा दोस्रो पक्षले प्रथम पक्षलाई संकलनभएको सबै रकमको हरहिसाव भ्याट बिलसहितबुझाउनु पर्नेछ । र, लेनदेन कार्य आपसी समझदारीमा समाधान गरिनेछ भन्ने कुरामा दुबै पक्षमञ्जुर गर्दछौं ।

८) प्रथमपक्षले दोश्रो पक्षलाई निर्माणाधिन नेपालीकथानकचलचित्र.............................को सार्वजनीकप्रर्दशन शुरु हुनुभन्दापन्ध दिन अगाडि नै प्रचार प्रसारमा प्रयोग हुने सामाग्रीउपलब्ध गराउने पर्ने छ भन्ने कुरामादुबै पक्षमञ्जुर गर्दछौं ।

९) दोश्रो पक्षले प्रायोजकहरु बाट लिएर आएको रकम चलचित्रको प्रचार प्रसारका लागि प्रयोग गरिने छ । प्रायोजकबाट पैसालिएर आउने दोस्रो वा अन्य पक्षलाई ल्याएको रकमबाट ............ प्रतिशत रकम कमिसन स्वरुपशुरुमै दिईने छभन्ने कुरामा दुबै पक्षमञ्जुर गर्दछौं ।

१०)प्रथम पक्षले निर्माण गर्ने नेपाली कथानक चलचित्र ................................को छायाँकन अवधि........... दिनको हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

११)चलचित्र प्रदर्शन हुने मिति र प्रदर्शन शुरु भएको पन्ध्र दिनसम्म दुबैपक्षले प्रचार प्रसारमा सन्तोषजनक समय दिनु पर्नेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१२)यो करारनामामा लेखिएका शर्त एवंम् बन्देजहरु यसै करार बमोजिम हुनेछ र यसमा नपरेका कुराहरुको हकमा मुलुकी देवानी संहिता २०७४ समेतका प्रचलित नेपालको कानुन बमोजिम हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

१३) नेपाल सरकारको कानुन बिपरितको कुनै कार्य गरेमा वा गराएमा प्रचलित कानुनको भागिदार सम्बन्धित पक्ष स्वयम् हुनेछ भन्ने कुरामा दुबै पक्ष मञ्जुर गर्दछौं ।

| प्रथमपक्ष | दोस्रो पक्ष |
|---|---|
| नामः .................................................. | नामः ..................................................... |
| दर्जाः सञ्चालक/निर्माता | दर्जाः सञ्चालक/वितरक |
| कम्पनीको नामः ...................................... | कम्पनीको नामः ........................................ |
| सम्पर्क नम्बरः ......................................... | सम्पर्क नम्बरः .......................................... |
| इमेल ठेगानाः ........................................... | इमेल ठेगानाः ........................................... |

| | |
|---|---|
| दा. हस्ताक्षर बा. | दा. हस्ताक्षर बा. |

साक्षीहरु

(क) ........................................

(ख) .........................................

(ग) मस्यौदा कर्ताः अधिवक्ता– ..............................................

प्रमाणपत्र नम्बरः ............................................

इति सम्वत् २०.......... साल ................ महिना .... गते ..... रोज शुभम्